## विशेष अदालत, काठमाडौं

## इजलास

**अध्यक्ष माननीय न्यायाधीश श्री बाबुराम रेग्मी**

**सदस्य माननीय न्यायाधीश श्री चण्डीराज ढकाल**

**सदस्य माननीय न्यायाधीश श्री नारायण प्रसाद पोखरेल**

**फैसला**

०७३-CR-००२०

**निर्णय नं. : ३८**

| | |
|---|---|
| अख्तियार दुरुपयोग अनुसन्धान आयोगकोतर्फबाट अनुसन्धान अधिकृत रेशराज शर्माको प्रतिवेदनले नेपाल सरकार...............................................................................१ | **वादी** |

**विरुद्ध**

| | |
|---|---|
| गोबिन्द राम अग्रवालको छोरी, जिल्ला सुनसरी, धरान उ.प.न.पा.वडा नं. १ स्थायी घर भई हाल जिल्ला काठमाडौं, का.म.न.पा. बडा नं. ३२ मैतिदेबी वीरेन्द्र मार्ग बस्ने तत्काल मध्यमाञ्चल क्षेत्रीय स्वास्थ्य निर्देशनालय, हेटौडा अन्तर्गत आठौ तह, मेडिकल अधिकृत पदमा कार्यरत रही हाल कलेज अफ मेडिकल साइन्सेज भरतपुर, चितवनमा लेक्चरर पदमा कार्यरत रजनी अग्रवाल ...............................................................................१ | **प्रतिवादी** |

**मुद्दाः- भ्रष्टाचार (नक्कली प्रमाणपत्र)।**

विशेष अदालत ऐन,२०५९को दफा ६ तथा नेपाल राजपत्रमा मिति २०५९/५/६मा प्रकाशित सूचना बमोजिम यसै अदालतको अधिकार क्षेत्रभित्र रही दायर हुन आएको प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार रहेको छ।

### तथ्य खण्ड

१. प्रहरी प्रधान कार्यालय, केन्द्रीय अनुसन्धान ब्युरो, काठमाडौंको च.नं.४३१३, मिति २०७३।०३।२० को पत्रमा उल्लेख भए अनुसार डा.रजनी अग्रवालले आइ.एस्सी. तहको शैक्षिक योग्यताको प्रमाणपत्र झुठा/नक्कली खडा गरी एम.बि.बि.एस.समेत अध्ययन गरेको र सोही झुठा प्रमाणपत्र समेत पेशगरी नेपाल मेडिकल काउन्सिलबाट मेडिकल काउन्सिल सदस्यता दर्ता नम्बर प्रमाणपत्र प्राप्त गरेर सार्वजनिक संस्थामा करारमा नियुक्ति लिई भ्रष्टाचार गरेको बिषयमा कारबाही होस भन्ने समेत व्यहोराको उजुरी निवेदन पत्र ।

२. मध्यमाञ्चल क्षेत्रीय स्वास्थ्य निर्देशनालय, हेटौडा अन्तर्गत नेपाल स्वास्थ्य सेवा, जनरल हेल्थ सर्भिसेज समूह, तह आठौं, मेडिकल अधिकृत पदमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको च.नं.करार/२८८२, मिति २०७१/१२/११ को पत्रले करार नियुक्ति लिएकी डा.रजनी अग्रवालको आई.एस्सी.तहको शैक्षिक योग्यताको प्रमाण-पत्र छानविनको क्रममा निजको आइ.एस्.सी.तहको शैक्षिक योग्यताको प्रमाण-पत्र Bihar Intermediate Education Council को B.D. EVENING COLLEGE, PATANA, Roll Code-1115, No-10190, Enlistment No PT-4561-97, परीक्षा उत्तीर्ण गरेको वर्ष १९९९, प्राप्ताङ्क ५४६, प्रथम श्रेणी उच्च माध्यामिक शिक्षा परिषद, सानोठिमी, भक्तपुर मार्फत उक्त कलेजको परीक्षासँग सम्बन्धित बोर्ड **Bihar School Examination Board (S.S) Patna, India**मा उक्त प्रमाणपत्र **प्रमाणीकरण** गर्न पठाएकोमा उच्च माध्यमिक शिक्षा परिषद्, सानोठिमी, भक्तपुरको प.सं. ०७२/०७३,च.नं. ३०१०, मिति २०७३/०२/२६ को पत्रसाथ प्राप्त प्रमाणीकरण सम्बन्धि प्रमाणित विवरणको क्र.स. ४४६ मा बिद्यार्थीको नाम-रजनी अग्रवाल, परीक्षा बर्ष-1999, रोल कोड-1115, नम्बर-10190, ईन्लिष्टमेण्ट नम्बर-PT-4561-97, कुल प्राप्ताङ्क-546 बिवरण रहेको प्रमाणपत्र **Not Verified, in the name of Kumar Ujjwal Nayan** उल्लेख भई आएको।

३. मैले आई.एस्सी. बि.डि.ईभिनिङ्ग कलेज पटना, भारतमा नियमित रुपमा अध्ययन गरी परीक्षा दिएर कलेजबाट यो प्रमाणपत्र प्राप्त गरेको हुँ । मेरो आई.एस्सी.को रोल नं. १११५ हो नम्बर भने थाह छैन । मेडिकल काउन्सिल सदस्यता दर्ता गर्दा पेश गरेको आई.एस्सी. तहको शैक्षिक योग्यताको प्रमाणपत्र मेरै हो। मैले बि.डि.इभिनिङ्ग कलेज पटनाबाट आई.एस्सी. मा ५४६ अंक ल्याई प्रथम श्रेणी प्राप्त गरेको हुँ। मेरो मेडिकल काउन्सिल सदस्यता दर्ता नम्बर ६२०३ हो। मैले उक्त आई.एस्सी. तहको शैक्षिक योग्यताको प्रमाण पत्र पेश गरी एम.बि.बि.एस. अध्ययन गरेको, काउन्सिल दर्ता प्रमाणपत्र लिएको र सरकारी सेवामा करारमा नियुक्त भएको हुँ र उक्त प्रमाणपत्र मेरै हुन। मैले कुनै नक्कली शैक्षिक योग्यताको प्रमाणपत्र बनाइ पेश गरेको छैन। मेरो सक्कली प्रमाणपत्र म संग सुरक्षित छ। सम्बन्धित बोर्डबाट प्रमाणीकरण भई आएको प्रमाणपत्र कसले कसरी कहाँबाट लिएर आउनु भयो मलाइ थाह छैन। प्रमाणीकरण भई आएको प्रमाणपत्र ठिक/सत्य होइन। मेरो नक्कली भनिएको प्रमाणपत्र म आफै प्रमाणीकरण गर्न चाहन्छु, त्यसैले मैले मेरो सर्टिफिकेटहरु सम्पूर्ण सक्कली भएको कुरा जानकारी गराउन चाहन्छु। मैले झुठा वा गलत काम गरेको छैन र मलाइ सजाय हुनु पर्ने होइन भन्ने समेत व्यहोराको प्रतिवादी रजनी अग्रवालको अनुसन्धान अधिकारी समक्षको बयान।

४. नेपाल मेडिकल काउन्सील बाँसबारी काठमाडौंको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी रजनी अग्रवाल समेत भएको ठगी मुद्धा जिल्ला सरकारी वकील कार्यालय, चितवनबाट जिल्ला अदालत चितवनमा दर्ता भई अदालतको आदेशले निज प्रतिवादी उपर भ्रष्टाचारको कसुरमा कारवाहीको लागि यस आयोगमा पठाईएको हुदा अनुसन्धान गरी मुद्धा दायर गरीएको।

५. प्रतिवादी डा.रजनी अग्रवालले मिति २०७२।०१।३० गतेदेखि मिति २०७२ असार मसान्तसम्म मध्यमाञ्चल क्षेत्रीय स्वास्थ्य सेवा निर्देशनालय, हेटौडामा मेडिकल अधिकृत पदमा करार नियुक्ति भई कामकाज गरेको देखियो । निज रजनी अग्रवालले मेडिकल अधिकृत पदमा नियुक्ति लिन तथा नेपाल मेडिकल काउन्सिलको सदस्यता प्राप्त गर्नको लागि बिइभिनिङ कलेज.डि., पटना, भारतबाट I.sc. परीक्षा वर्ष-1999, Roll Code -1115, No-10190, Enlistment No-PT-4561-97,प्राप्ताङ्क 546 रहेको, प्रथम श्रेणीमा

उत्तीर्ण गरेको शैक्षिक योग्यताको प्रमाणपत्रहरु पेश गरेको पाईयो । निजको उक्त शैक्षिक योग्यताको प्रमाणपत्रहरु उच्च माध्यमिक शिक्षा परिषद्, सानोठिमी, भक्तपुरमार्फत विहार विद्यालय परीक्षा समिति (उ.मा.), पटना, भारतमा **प्रमाणीकरण**को लागि पठाईएकोमा बिधार्थीको नाम- रजनी अग्रवाल, परीक्षा बर्ष-1999, रोल कोड-1115, नम्बर-10190, ईन्लिष्टमेण्ट नम्बर-PT-4561-97, कुल प्राप्ताङ्क-546 बिवरण रहेको प्रमाणपत्र Not Verified, in the name of Kumar Ujjwal Nayan उल्लेख भई आएको व्यहोरा उच्च माध्यमिक शिक्षा परिषद्, सानोठिमी, भक्तपुरको च .नं.३०१०, मिति २०७३।०२।२६ को पत्रसाथ कागजातहरु प्राप्त हुन आएबाट निजको उक्त शैक्षिक योग्यताको प्रमाणपत्रहरु नक्कली एवं झुठ्ठा देखिन आयो । निज रजनी अग्रवालले अनुसन्धानको क्रममा मेडिकल अधिकृत पदमा नियुक्ति हुँदा पेश गरेका र नेपाल मेडिकल काउन्सिल सदस्यता प्राप्त गर्न पेश भएका सर्टिफिकेटहरु मैले हेरें, मेरै हुन् भनी उक्त शैक्षिक योग्यताको प्रमाणपत्र पेश गरेको तथ्यलाई स्वीकार गरेकोले प्रमाणीकरण विवरण र उजुरी ब्यहोरा पुष्टी हुन आई निज रजनी अग्रवालले नेपाल सरकारको मेडिकल अधिकृत पद एवं ओहोदामा शुरु नियुक्ती एवं बहाल हुने र सो हैसियतले लाभ सुविधा लिने उद्देश्यले उक्त आई.एस्सी. तहको झुठ्ठा शैक्षिक योग्यताको प्रमाणपत्र पेश गरी लाभ सुविधा समेत लिएको पुष्टी हुन आई निज सार्वजनिक पदधारण गरेको राष्ट्रसेवक मेडिकल अधिकृत डा.रजनी अग्रवालले साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९को दफा१६(१) बमोजिमको कसूर गरेको देखिन आएको हुँदा निज प्रतिवादी रजनी अग्रवाललाई साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र दफा२९(२) तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९को दफा१६(१) बमोजिम सजाय हुन मागदावी गरिएको आरोपपत्र।

६. मैले S.L.C. नेपालबाट, I.Sc. १९९९ मा B.D. Evening College Patna, India बाट प्राइभेट रुपमा र M.D. पाकिस्तानबाट गरेकी छु । मैले I.Sc. तहको प्रमाणपत्र १९९९ मा MBBS अध्ययन गर्नको लागि र पछि सन् २००६ मा B.P.K.H.S मा मेडिकल अफिसर पदमा जागिर गर्ने सिलसिलामा पेश गरेकी छु । मैल सन् २००६ मा मेडिकल अफिसर पदमा सेवा प्रवेश गरी १ वर्ष काम गरेपछि M.D. पूरा गरी नेशनल मेडिकल कलेज वीरगंजमा Lectidrer Post मा सन् २०१४ देखि २०१५ सम्म र पछि सन् २०१६ देखि भरतपुरस्थित कलेज अफ मेडिकल साइन्समा काम गर्दै थिएँ । मेरो प्रमाणपत्रहरु सक्कली हुन् , मैले कुनै नक्कली प्रमाणपत्र पेश गरी लाभ लिएको छैन। मेरो I.Sc. को प्रमाणपत्र प्रमाणीकरण हुँदा किन Not Verified भनी अर्को नाम उल्लेख भै आयो सो बारेमा मलाई थाहा भएन । मैले नक्कली प्रमाणपत्र पेश गरी कुनै लाभ लिएको छैन भन्ने प्रतिवादी रजनी अग्रवालको यस अदालतसमक्षको बयान ।

७. मुद्दा अनुसन्धानका अवस्थामा प्रतिवादीले अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा राखेको नगद धरौटी रु. २९,१२५।- लाई नै प्रस्तुत मुद्दामा धरौटी कायम गर्ने भनी भएको यस अदालतको आदेशानुसार यस अदालतको र.नं. १६० मिति २०७३।७।२४ बाट नगद धरौटी रही प्रतिवादी तारेखमा रहेको। चितवन जिल्ला अदालतमा यी प्रतिवादी उपर ठगी मुद्दा चलेको छ, छैन ? भए के-कुन अवस्थामा छ ? फैसला भइसकेको भए सोको प्रतिलिपि मगाउने भन्ने समेत व्यहोराको यस अदालतको २०७४।३।२ को आदेशानुसार वादी नेपाल सरकार प्रतिवादी रजनी अग्रवाल भएको ठगी मुद्दाको

मिति २०७४।३।२७ मा भएको फैसलाको प्रमाणित प्रतिलिपि यस अदालतमा प्राप्त भई मिसिल सामेल रहेको ।

**ठहर खण्ड**

८. नियम बमोजिम पेशी सूचीमा चढी इजलाससमक्ष पेश हुन आएको प्रस्तुत मुद्दाको मिसिल अध्ययन गर्नुको साथै बादी नेपाल सरकारको तर्फबाट उपस्थित विशेष सरकारी वकील कार्यालयका विद्वान् उप-न्यायाधिवक्ता श्री गोविन्दराज गौलीले प्रतिवादीले मध्यमाञ्चल क्षेत्रीय स्वास्थ्य निर्देशनालय, हेटौंडा अन्तर्गत नेपाल स्वास्थ्य सेवा जनरल हेल्थ सर्भिसेज समूह, तह आठौं मेडिकल अधिकृत पदमा करारमा नियुक्ति हुँदाका अवस्थामा पेश गरेको I. Sc. तहको प्रमाणपत्र उपर छानवीन गरी प्रमाणीकरणको निमित्त सम्बन्धित वोर्डमा पठाउँदा निजले पेश गरेको प्रमाणपत्रको रोल नम्बर अर्कै व्यक्ति अर्थात कुमार उज्वल नयनको नाममा रहेकाले Not Verified भनी प्रमाणीकरण भई आएको र निजले सो प्रमाणपत्र पेश गरी सरकारी सेवामा नियुक्ति लिई लाभ समेत लिएकाले निजलाई आरोप दावी बमोजिम सजाय हुनु पर्ने भनी गर्नुभएको बहस र प्रतिवादीका तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ता श्री कृष्ण प्रसाद सापकोटा तथा विद्वान् अधिवक्ता श्री सूर्यप्रसाद कोइरालाले प्रतिवादीले I. Sc. को प्रमाणपत्रको आधारमा नभै MBBS को प्रमाणपत्रको आधारमा सेवा गरेको, निजको MBBS को प्रमाणपत्र सक्कली नै रहेको, निजले MBBS अध्ययन गरी नेपाल मेडिकल काउन्सीलबाट प्रमाणपत्र समेत लिईसकेका छन्। निज प्रतिवादीले आफूलाई फाइदा र अरुलाई नोक्सानी हुने कार्य गरी ठगी गरेको भन्ने वादी नेपाल सरकार र प्रतिवादी यिनै प्रतिवादी भएको ठगी मुद्दामा वादी दावी नपुगी प्रतिवादीले सफाई पाउने ठहरी फैसला भएकाले यसै विषयमा दायर भएको प्रस्तुत मुद्दा नेपालको संविधानको धारा २० तथा कानूनी सिद्धान्त समेतको विपरीत भएकाले खारेजभागी छ। साथै यस्तै प्रकृतिको प्रमाणपत्र झुट्टा रहेको भन्ने सम्वन्धमा छानविन भएकोमा डा. श्री राम घिमिरे उपर मुद्दा नचलाउने गरी अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०७४।२।२२ मा निर्णय भएकाले नागरिकहरुका बीचमा विभेद गरी चलाइएको प्रस्तुत मुद्दा खारेज गरी प्रतिवादीलाई सफाइ दिलाई पाउँ भनी गर्नुभएको बहस समेत सुनियो।

९. यसमा प्रतिवादी रजनी अग्रवालले आफू सरकारी सेवाको मेडिकल अधिकृत पदमा नियुक्त हुनको निमित्त पेश गरेको I. Sc. को प्रमाणपत्र सम्बन्धित वोर्डमा प्रमाणीकरणको निमित्त पठाउँदा Not Verified, in the name of Kumar Ujjwal Nayan भन्ने व्यहोराबाट प्रमाणीकरण भइआएकाले सो प्रमाणपत्र नक्कली भएको हुँदा प्रतिवादीलाई साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) को कसुरमा सजाय गरिपाऊँ भन्ने आरोप-पत्र र मेरो प्रमाणपत्रहरु सक्कली नै रहेकोले आरोप दावीबाट सफाइ पाउँ भन्ने प्रतिवादीको अदालत समक्षको बयान व्यहोरा रहेको पाइन्छ।

१०. उपरोक्त अनुसारको वहस जिकिर तथा मुद्दाको तथ्य समावेस भएको प्रस्तुत मुद्दामा प्रतिवादीले आरोप दावी अनुसारको कसुर गरेको हो होइन र निजलाई आरोपित कसुरमा सजाय हुने अवस्था देखिन्छ वा देखिदैन भन्ने विषयमा निर्णय दिनु पर्ने देखिन आयो।

११. निर्णयतर्फ विचार गर्दा, प्रतिवादी रजनी अग्रवालबाट मध्यमाञ्चल क्षेत्रीय स्वास्थ्य सेवा निर्देशनालय, हेटौडामा मेडिकल अधिकृत पदमा करारमा नियुक्ति लिने क्रममा पेश गरेको I. Sc. को प्रमाणपत्र प्रहरी

प्रधान कार्यालय केन्द्रीय अनुसन्धान व्युरोको मिति २०७३।१।२६ को निर्णयअनुसार सम्बन्धित वोर्डमा प्रमाणीकरणको निमित्त पठाइएको र सम्बन्धित वोर्ड **Bihar School Examination Board (S.S) Patna, India** बाट प्रतिवादीबाट पेश भएको सो I. Sc. को प्रमाणपत्रलाई Not Verified, in the name of Kumar Ujjwal Nayan भनी प्रमाणीकरण भइआएको पाइन्छ ।

१२. प्रतिवादी पक्षका कानून व्यवसायीहरुबाट यही प्रमाणपत्रको विषयलाई लिएर वादी नेपाल सरकार प्रतिवादी यिनै प्रतिवादी भएको ठगी मुद्दामा चितवन जिल्ला अदालतबाट यी प्रतिवादी उपरको अभियोग दावी नपुगी प्रतिवादीले सफाइ पाउने ठहर भै सकेकाले एकै कसुरमा एक पटक भन्दा बढी मुद्दा चलाउन वा सजाय गर्न नहुने भन्ने कानूनी सिद्धान्त र प्रचलित नेपालको संविधानको धारा २० मा यस सम्बन्धमा गरिएको व्यवस्थाको आधारमा मौलिक हक र फौजदारी न्याय सम्बन्धी सिद्वान्त समेतको विपरीत भएकाले प्रस्तुत मुद्दा खारेजभागी छ भन्ने बहस जिकीर रहेको सम्बन्धमा विचार गर्दा, प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५९ मा भ्रष्टाचारसम्बन्धी मुद्दामा विशेष व्यवस्था शीर्षक अन्तर्गत खण्ड (क) मा "कुनै राष्ट्र सेवक वा अन्य कुनै व्यक्तिले यस ऐन अन्तर्गत कसूर मानिने कुनै काम गरेको वा त्यस्तो काम गर्ने सिलसिलामा अन्य प्रचलित कानूनबमोजिम कसुर मानिने कुनै काम समेत गरेको रहेछ भने निज उपर अन्य प्रचलित कानून बमोजिम छुट्टै मुद्दा चलाउन बाधा पर्ने छैन।" भन्ने र सोही दफाको खण्ड (घ) मा "कुनै राष्ट्र सेवक वा अन्य व्यक्तिले नेपाल सरकार वा सार्वजनिक संस्थालाई गैरकानूनी हानी नोक्सानी पु-याएकोमा सो असूल उपर गर्न निज उपर छुट्टै मुद्दा दायर भएकोमा यस ऐन अन्तरगत कसूरमा छुट्टै मुद्दा चलाउन वाधा पर्ने छैन" भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ। प्रतिवादीले तत्काल सरकारी सेवाको मेडिकल अधिकृत पदमा नियुक्ति लिने सिलसिलामा विवादित I. Sc. को प्रमाणपत्र पेश गरेको देखिंदा निज प्रतिवादी उपर ठगी मुद्दामा कार्वाही चलाइ सकेको भन्नेसम्मका आधारमा माथि उल्लिखित संवैधानिक र कानूनी व्यवस्थाको आधारमा प्रस्तुत भ्रष्टाचार मुद्दा दायर हुन आएकोले आरोप दावी कानून विपरीतको मान्न मिलेन।

१३. यस्तै प्रकृतिको डा. श्रीराम घिमिरेको मुद्दामा मुद्दा नचलाउने निर्णय भएकाले नागरिकहरुका बीचमा विभेद गरी दायर भएको प्रस्तुत मुद्दामा प्रतिवादीलाई सजाय गर्न नमिल्ने भन्ने प्रतिवादीका कानून व्यवसायीहरुले लिएको अर्को वहस तर्कतर्फ विचार गर्दा, सामान्यतः एकै प्रकृतिका मुद्दामा समान तथ्य विद्यमान हुँदाहुँदै केहीका हकमा मुद्दा चलाउने र केहीका हकमा मुद्दा नचलाउने भनी सम्बद्ध अधिकारीवाट भएका वा हुने गरेका कार्यबाट नागरिकहरुका बीचमा विभेद नहुने भन्ने होइन, तर डा. श्रीराम घिमिरे र यी प्रतिवादीका बीच आई.एस्सी. को प्रमाण-पत्र नक्कली भन्नेसम्म भए तापनि अरू तथ्यहरू समान रहेको भन्ने निर्णयबाट पुष्टि हुन नसकेको र उजुर पर्ने मध्ये केहीका हकमा मुद्दा नचलाएको कारणबाट मुद्दा चलाइएका व्यक्तिले समेत आरोप दावीवाट स्वतः सफाइ पाउने भनी निष्कर्षमा पुग्न यस इजलाशलाई मद्दत गर्ने कानूनी व्यवस्थाको अभाव देखिदा विद्वान कानून व्यवसायीहरूको उक्त वहस जिकिरसंग पनि यस इजलाशको सहमती हुन सकेन। अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२क मा आयोगले उपयुक्त ठानेको अन्य आवश्यक कारवाहीको लागि सम्बन्धित निकाय वा अधिकारीलाई लेखी पठाउन सक्ने व्यवस्था रहनुको साथै सो ऐनको दफा १८ मा प्रचलित कानून बमोजिम मुद्दा चलाउन अनुसन्धान अधिकृत वा नेपाल सरकारको कुनै अधिकारीलाई आदेश दिन सक्ने अधिकार प्रदान गरेको देखिएबाट अन्य मुद्दामा जुनसुकै आदेश

दिएको भए तापनि उक्त दफा १८ समेतको अधिकार प्रयोग गरी प्रस्तुत मुद्दा दायर गरेको देखिंदा यस मुद्दालाई कानून विपरीत दायर भएको मान्न मिलेन।

१४. यसको अलावा "दुई छुट्टाछुट्टै कानूनद्वारा पारिभाषित अपराध अन्तर्गत पर्ने कसूरका हकमा ती छुट्टाछुट्टै कानूनद्वारा तोकिए बमोजिम मुद्दा परिचालित हुने अवस्था भएमा दोहोरो खतराको सिद्धान्त लागु नहुने" "एउटै तथ्यवाट एकभन्दा वढी कसूर हुन सक्तछन्। यसरी समग्र तथ्य र सम्बद्ध कानूनी व्यवस्था र त्यसले प्रदान गर्ने उपचारको व्यवस्था समेतका आधारमा फरक फरक अवस्थालाई प्रतिनिधित्व गरेवाट भ्रष्टाचार मुद्दा र ठगी मुद्दालाई एउटै विषय मान्न नमिल्ने" "कसैले कानूनद्वारा निषिद्व अपराधिक कार्य गरेको अवस्थामा त्यस्तो कार्यलाई अलग अलग कानूनले अलग अलग अपराध मान्दछ भने त्यसलाई एउटै कसूर मानेर एउटा मात्र कानून अन्तर्गत कार्वाही गर्नु पर्ने भनी सीमित तुल्याउन नहुने" भनी ने. का. प. २०६९ अंक ८ नि.नं. ८८७४, पृ. १२३८ मा प्रतिपादित कानूनी सिद्धान्त समेतको आधारमा ठगी मुद्दा चलाएको कारणवाट भ्रष्टाचारमा प्रस्तुत मुद्दा चलाउने कार्य प्रतिवादी विरूद्ध दोहोरो खतराको सिद्वान्त आकर्षित हुने भै प्रचलित संविधानको धारा २० को व्यवस्था विपरीतको मान्न मिल्ने पनि देखिएन।

१५. आरोपपत्रमा नक्कली भनी दावी गरीएको प्रतिवादी रजनी अग्रवाल नामको प्रतिवादीले बि. इभिनिङ कलेज पटना, भारतबाट I.sc. परीक्षा वर्ष-1999, Roll Code -1115, No-10190, Enlistment No-PT-4561-97, प्राप्ताङ्क 546 रहेको, प्रथम श्रेणीमा उत्तीर्ण गरी पाएको भनिएको I. Sc. को प्रमाणपत्र २०७२ सालमा मेडिकल अधिकृत पदमा नियुक्ति पाउने उद्देश्यले मध्यमाञ्चल क्षेत्रीय स्वास्थ्य सेवा निर्देशनालय, हेटौडामा मेडिकल अधिकृत पदमा करार नियुक्ति लिने क्रममा आफूले पेश गरेको कुरा प्रतिवादीले स्वीकार गरी वयान गरेको देखिन्छ। उक्त प्रमाण-पत्र जारी गर्ने अधिकारिक निकाय **Bihar School Examination Board (S.S) Patna, India** मा प्रमाणीकरणका निमित्त पठाउँदा सो वोर्डबाटै सक्कली नभनी Not Verified, in the name of Kumar Ujjwal Nayan भनी प्रमाणीकरण भई आएबाट दावीको प्रमाणपत्र अर्कै व्यक्तिका नाममा जारी भएको देखिंदा उक्त प्रमाणपत्र सक्कली नभई नक्कली रहे भएको अवस्था देखिन आयो ।

१६. प्रतिवादी उपर साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र दफा २९ तथा हाल प्रचलित भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा १६(१) समेतको सजायको मागदावी लिई आरोपपत्र दायर भएकोमा कसूर हुँदाका बखत प्रचलनमा रहेको कानून बमोजिम सजाय हुने भन्ने संवैधानिक तथा कानूनी व्यवस्था रहे भएको सन्दर्भमा प्रस्तुत मुद्दामा प्रतिवादी रजनी अग्रवालले दावीको प्रमाणपत्र २०७२ सालमा मध्यमाञ्चल क्षेत्रीय स्वास्थ्य सेवा निर्देशनालय, हेटौडामा मेडिकल अधिकृत पदमा करार नियुक्ति लिने क्रममा पेश गरेको भन्ने प्रतिवादीको वयान रहेको र सो कुरालाई मिसिल संलग्न अन्य प्रमाणहरु समेतबाट पुष्टि भै रहेको देखिएकोले सो प्रमाणपत्र यी प्रतिवादीले पेश गरेको समयमा प्रचलित भ्रष्टाचार निवारण ऐन,२०५९ क्रियाशिल रहेको हुँदा निज प्रतिवादीलाई सोही ऐनको दफा १६(१) को कसूरमा सोही दफा १६(१) बमोजिम सजाय गर्न मनासिव हुने देखिन आयो।

१७. अतः माथि विवेचित आधार र कारणबाट प्रतिवादी रजनी अग्रवालले नक्कली व्यहोराको आइ.एस्सी. उत्तीर्ण गरेको प्रमाणपत्र पेश गरी प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) अनुसारको

कसूर गरेको पुष्टि हुन आएकोले निज प्रतिवादीलाई सोको दफा १६(१) बमोजिम कैद महिना ६(छ) र जरिवाना रु. १०,०००।- (दश हजार रुपैयाँ) हुने ठहर्छ । अरु तपसील बमोजिम गर्नुहोला ।

**तपसील**

माथि ठहर खण्डमा प्रतिवादी रजनी अग्रवाललाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१)वमोजिम कैद महिना ६(छ) र जरिवाना रु.१०,०००।–(दश हजार) हुने ठहरेकोले कैदको हकमा लगत कसी अशुल गर्न सम्बन्धित जिल्ला अदालतमा लगत पठाउनु र जरिवानाको हकमा मुद्दा पुर्पक्षको अवस्थामा निजले र.नं. १६० मिति २०७३।७।२४ बाट रहेको नगद धरौटी रु.२९,१२५।- बाट निजलाई ठहर भएको जरिवाना रु.१०,०००।– कट्टा गरी जरीवानाको लगतमा असुल जनाई राजश्वमा दाखिला गर्नु र बांकी धरौटी रु.१९,१२५।- मुद्दा अन्तिम भई ठहर भएको कैद सजाय भुक्तान भएपछि नियमानुसार निज प्रतिवादीलाई फिर्ता दिनुहोला ..........................................................................................................१

यो फैसलामा चित्त नबुझे ३५ दिनभित्र श्री सर्वोच्च अदालतमा पुनरावेदन गर्न जानु भनी प्रतिवादी रजनी अग्रवाललाई पुनरावेदनको म्याद दिनुहोला ...........................................................................२

फैसलाको जानकारी विशेष सरकारी वकील कार्यालयलाई दिनुहोला ....................................................३

प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल अभिलेख शाखामा वुझाई दिनुहोला .............................४

सदस्य                सदस्य                अध्यक्ष

इजलास अधिकृत :मुकुन्द निरौला
कम्प्युटर गर्ने : कल्पना बतौंला
सम्बत् २०७४ साल चैत्र २ गते रोज ६ शुभम् .......................................